माछापुच्छ्रे बैंक लिमिटेडको
सत्ताइसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

१. वैधानिक सभा :

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०८२/०५/१९ गते बसेको सञ्चालक समितिको ५३७ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको सत्ताइसौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री रोशन के.सी.ज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

२. सभाको मिति, समय र स्थान :

मिति : २०८२ साल असोज १० गते (तदनुसार २६ सेप्टेम्बर, २०२५) शुक्रबार ।
समय : विहान ११:०० बजे ।
स्थान : होटल पोखरा ग्राण्ड, पार्दी, पोखरा, कास्की ।

३. उपस्थिति :

सञ्चालकहरुको उपस्थिति :

(क)	श्री रोशन के.सी.	-	अध्यक्ष
(ख)	श्री मुकुन्द महत	-	सञ्चालक/लेखापरीक्षण समितिका संयोजक
(ग)	श्री विश्व प्रकाश गौतम	-	सञ्चालक
(घ)	श्री पेशल राज पोखरेल	-	सञ्चालक
(ङ)	श्री अनिश साह	-	सञ्चालक
(च)	श्री सुनिल नारायण श्रेष्ठ	-	सञ्चालक
(छ)	श्री मनिषा भण्डारी	-	सञ्चालक

व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :

(क)	श्री सन्तोष कोईराला	-	प्रमुख कार्यकारी अधिकृत
(ख)	श्री प्रसिद्ध राज अर्याल	-	नायव प्रमुख कार्यकारी अधिकृत
(ग)	श्री विश्वम्भर न्यौपाने	-	नायव प्रमुख कार्यकारी अधिकृत
(घ)	श्री सुभाष जमरकटेल	-	नायव महाप्रबन्धक/कम्पनी सचिव
(ङ)	श्री खगेन्द्र पौडेल	-	प्रमुख, वित्त तथा योजना विभाग
(च)	श्री सुरेन्द्र पाठक	-	प्रमुख, आन्तरिक लेखापरीक्षण विभाग

आमन्त्रितहरूको उपस्थिति :

(क)	श्री अशेष राजवाहक	-	जी.पी.राजवाहक एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स, लेखापरीक्षक
(ख)	श्री गोविन्द श्रेष्ठ	-	लिगल सर्भिस एसोशिएट्स प्रा.लि., कानूनी सल्लाहकार
(ग)	श्री सूर्य प्रसाद चापागाई	-	प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय

Machhapuchchhre Bank Ltd. Head Office

शेयरधनीहरुको उपस्थिति :

(क)	स्वयं उपस्थित	-	४६२ जना
(ख)	प्रतिनिधिपत्रद्वारा उपस्थित	-	१०४ जना
	जम्मा उपस्थिती	-	**५६६ जना**

४. सभाको सूचना :

बैंकको सत्ताइसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन, आ.व. २०८१/८२ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरिने विषयहरु शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै संक्षिप्त आर्थिक विवरण सहितको वार्षिक साधारण सभाको सूचना मिति २०८२ भाद्र २० गतेको कारोवार दैनिकमा र असोज २ गतेको आर्थिक अभियान पत्रिकामा प्रकाशित गरिएको थियो भने पोखराबाट प्रकाशित हुने आदर्श समाज र समाधान राष्ट्रिय दैनिकमा सोहि मिति अर्थात असोज २ गते प्रकाशित गर्नुका साथै बैंकको वेबसाईट www.machbank.com मा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो । साथै, साधारण सभाको सूचना उपलब्ध भएसम्म शेयरधनीहरुको सम्पर्क मोबाइल नम्बरमा एस.एम.एस. मार्फत तथा साधारण सभाको सूचना र सञ्चालक समितिको प्रतिवेदन सहितको विस्तृत वार्षिक प्रतिवेदन उपलब्ध भएसम्म शेयरधनीहरुको इमेल ठेगानामा समेत पठाइएको थियो ।

५. सभामा पेश भएका छलफलका विषयहरु :

(क) सामान्य प्रस्ताव :

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको २७ औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनीहरु "माछापुच्छ्रे क्यापिटल लिमिटेड" र "माछापुच्छ्रे सेक्युरिटिज लिमिटेड" को आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरणहरु सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिसमा आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्ती गर्ने र नियुक्तीका शर्त तथा पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री जी.पी.राजबाहक एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य रहेको)

Machhapuchchhre Bank Ltd. Head Office

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रु. ४६,४८,५४,२९०/९२ (अर्थात चुक्ता पूँजीको ४ प्रतिशत) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।

६. सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समूहको तर्फबाट रिक्त रहेको सञ्चालक पदमा सञ्चालक समितिले साविक सञ्चालकको बाँकी कार्यकालसम्मको लागि गरेको सञ्चालकको नियुक्ती अनुमोदन गर्ने ।

(ख) विशेष प्रस्ताव :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रु. ४६,४८,५४,२९०/९२ (अर्थात चुक्ता पूँजीको ४ प्रतिशत) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रचलित कानुनी एवं नियमनकारी व्यवस्थाहरुको अधिनमा रही प्रति शेयर रु. १००/- का दरले रु. ३,००,००,००,०००/- (अक्षरेपी तीन अर्ब) बराबरको "८.२५% माछापुच्छ्रे अविमोच्य असञ्चिति अग्राधिकार शेयर" (8.25% Machhapuchchhre Perpetual Non-Cumulative Preference Share) जारी गर्ने ।

३. बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब) लाई वृद्धि गरी रु. २०,००,००,००,०००/- (अक्षरेपी बीस अर्ब) पुऱ्याउने र विशेष प्रस्ताव नं. १ र २ बमोजिम जारी गरिने बोनस शेयर र माछापुच्छ्रे अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Machhapuchchhre Perpetual Non-Cumulative Preference Share) को हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्रको सम्बन्धित दफाहरु संशोधन गर्ने ।

४. सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता तथा सेवा सुविधा वृद्धि गर्ने र सोही बमोजिम बैंकको नियमावलीको सम्बन्धित दफाहरु संशोधन गर्ने ।

५. विशेष प्रस्ताव अनुसार प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध :

विविध अन्तर्गत केही विषय नभएको ।

६. गणपुरक संख्या, सभाको बैधानिकता :

कुल शेयरधनीको संख्या	जम्मा उपस्थित शेयरधनी संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्वारा)	जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा)	बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत
८८,७५० (क र ख समुह)	५६६ (स्वयं ४६२ जना र प्रतिनिधिपत्रद्वारा १०४ जना)	७,४४,०१,०३२	६४.०२%

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा पचास प्रतिशतभन्दा बढी अर्थात ६४.०२% प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक

Machhapuchchhre Bank Ltd. Head Office

गणपूरक संख्या पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

७. सभाको सभापतित्व र सभा संचालन :

साधारण सभाको अध्यक्षता/सभापतित्व गरिदिन कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम १ अनुरुप सञ्चालक समितिका अध्यक्ष श्री रोशन के.सी.ज्यूलाई अनुरोध गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापतिज्यूको अनुमतीले वार्षिक साधारण सभाको काम कारवाही अगाडी बढ्यो ।

८. सञ्चालक श्री विश्व प्रकाश गौतमज्यूबाट स्वागत मन्तव्य :

बैंकका सञ्चालक श्री विश्व प्रकाश गौतमज्यूले बैंकको यस सत्ताइसौं वार्षिक साधारण सभामा सहभागी हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु एवं आमन्त्रित अतिथि महानुभावहरुलाई बैंक तथा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्नु भयो । साथै, माछापुच्छ्रे बैंकका पूर्व अध्यक्ष स्वर्गीय श्री सूर्य बहादुर के.सी.ले बैंकको स्थापना तथा प्रबर्द्धनमा पुऱ्याउनु भएको अतुलनीय योगदानको पुन : स्मरण गर्दै श्रद्धाशुमन व्यक्त गर्नु भयो ।

माछापुच्छ्रे बैंक सञ्चालनमा आएको २५ वर्ष पुरा भएको अवसरमा बैंक स्थापनाको मुख्य थलो पोखरामा उचित प्रतिफल सहित २७ औं वार्षिक साधारण सभा गर्न सफल भएकोमा गौरवान्वित महसुस भएको विचार व्यक्त गर्नु भयो । अत्याधुनिक प्रविधि र ग्राहकमैत्री सेवा प्रणाली मार्फत आम नागरिकलाई विश्वस्तरीय वित्तीय सुविधा प्रदान गर्ने तथा बैंकिङ्ग क्षेत्रमा दिगो, विश्वासिलो र विशिष्ट पहिचान कायम गर्न बैंक सदैव क्रियाशिल रहेको बताउनु भयो । उहाँले केही समयदेखि शिथिल रहेको नेपालको समग्र अर्थतन्त्रमा समेत क्रमिक रुपमा सुधार आईरहेको, पर्यटन, होटल लगायतका समग्र व्यवसाय चलायमान हुँदै गईरहेको र आर्थिक गतिविधिमा पनि सकारात्मक प्रभाव पर्दै गईरहेको अवस्थाका बिच पछिल्लो समयमा देशमा उत्पन्न भएको अप्रत्याशित घटनाक्रमले फेरि देशको अर्थतन्त्र कुन दिशामा अगाडी बढ्छ भनेर तत्कालै अनुमान गर्न गाह्रो रहेको व्यहोरा उल्लेख गर्नु भयो । यद्यपि, अनेकौं चुनौतिहरुका वावजुत पनि माछापुच्छ्रे बैंकले गत आर्थिक वर्षमा सन्तोषजनक आर्थिक प्रगति गरेको भन्ने सञ्चालक समितिले ठहर गरेको समेत उल्लेख गर्नु भयो । गत आ.व.को मुनाफाबाट शेयरधनी महानुभावहरुलाई ८ प्रतिशत लाभांश वितरण गर्न सफल भएकोमा खुसी व्यक्त गर्नु भयो । बैंकमा रहेको चुस्त दुरुस्त कर्मचारीतन्त्र र सबल व्यवस्थापन एवं संचालक समितिको मार्गनिर्देशनबाट नै यो सबै सम्भव भएको कुरा सभामा अवगत गराउनु भयो । लगानीकर्ताको लगानी र सर्वसाधारण जनताको बचतलाई उच्च सुरक्षा प्रदान गर्ने कर्तव्यबोध गरी बैंकलाई निरन्तर सबल बनाउँदै लैजाने सर्वोपरि उद्देश्यलाई पूरा गर्नको लागि सुशासनमा कुनै सम्झौता नगर्ने नीति लिएको व्यहोरा साधारण सभामा जानकारी गराउँनु भयो ।

यसका साथै, संस्थागत सुशासनलाई बैंकले प्रमुख उद्देश्य मानेको जानकारी गराउनु भयो । साथै, संस्थागत सुशासन कायम गर्न सकिएको अवस्थामा मात्र बैंकले दीगो विकास हाँसिल गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो । बैंकका हरेक तहका कर्मचारीलाई संस्थागत सुशासन कायम हुने गरी कार्य सम्पादन गर्न सञ्चालक समितिले बारम्बार निर्देशन गर्दै आएको बताउनु भयो । संस्थागत सुशासित बैंकले मात्र आफ्ना शेयरधनीहरुलाई मुनासिव प्रतिफल प्रदान गर्न सक्दछ भन्ने विषयमा विद्यमान सञ्चालक समिति दृढ रहेको समेत अवगत गराउनु भयो । यसै गरी, वर्तमान समयमा मुलुकले अनुभव गरिरहेको सामाजिक-आर्थिक अवस्था, विशेषत: पछिल्लो समय GEN–Z पुस्ताको आन्दोलनबाट सिर्जित परिस्थितिहरूका बाबजुद बैंकले

Machhapuchchhre Bank Ltd. Head Office

K.C.

आफ्नो संस्थागत दायित्व निर्वाह गर्दै आगामी दिनमा अझ प्रभावकारी र उत्तरदायी बैंकिङ्ग सेवा प्रदान गर्न सफल हुने छ भन्ने विश्वास सभा समक्ष दिलाउँनु भयो ।

साथै शेयरधनीहरुले सञ्चालक समितिप्रति गर्नु भएको विश्वासको कडीलाई कायम राख्न सञ्चालक समिति सदैव सचेत रहेको बताउँदै उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई निमन्त्रणा स्वीकार गरी सभामा उपस्थिति जनाइदिनु भएकोमा आभार व्यक्त गर्दै सञ्चालक समितिले प्रस्तुत गरेका साधारण एवं विशेष प्रस्तावका कार्यसूचीहरु माथी बौद्धिक एवं तर्कपूर्ण छलफल गरी ती प्रस्तावहरु पारित गरिदिन आह्वान गर्नु भयो ।

९. सभाका सभापतिज्यूबाट मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती :

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति श्री रोशन के.सी.ले आफ्नो मन्तव्य सहित बैंकको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको बैंकको २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण, सम्बन्धित अनुसूचीहरु लगायत सभामा छलफलका लागि पेश भएका सामान्य र विशेष प्रस्तावको विषयहरु सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

१०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरु उपर भएको छलफल :

छलफलमा भाग लिने क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

(क) **श्री विष्णु बराल**

१. यस संस्थामा हाम्रो लगानी सुरक्षित होस्, प्रतिफल स्थिर रूपमा प्राप्त होस् र यो संस्था दीर्घकालीन रूपमा समृद्ध तथा स्थायी संस्थाको रूपमा स्थापित होस् भनि शुभकामना व्यक्त गर्नुभएको ।

२. आगामी पुस्ता, नयाँ लगानीकर्ता तथा नवप्रवर्तनशील पीढीलाई लक्षित गरी सचेत बनाउने क्रममा बैंकले थप सजग हुनुपर्ने आवश्यकता रहेको विचार व्यक्त गर्नुभएको ।

३. बैंकको आर्थिक प्रतिवेदनमा तथ्यगत विवरणहरु समावेश गर्नुपर्ने सुझाव प्रदान गर्नुभएको ।

४. निक्षेप मात्र वृद्धि हुनु स्वाभाविक रूपमा सकारात्मक पक्ष मान्न सकिन्न, किनकि निक्षेपसँगै ब्याज तथा अन्य खर्चहरू पनि वृद्धि हुने भएकाले, आगामी दिनहरूमा बैंकले Target vs Actual को तथ्याङ्क स्पष्ट रूपमा प्रस्तुत गर्न आग्रह गर्नुभएको ।

५. प्रत्येक सूचकको वार्षिक Target vs Actual को तथ्याङ्क एकै पृष्ठमा समावेश गरी वार्षिक प्रतिवेदनमा स्पष्ट रूपमा प्रस्तुत गर्न सुझाव दिनुभएको ।

६. नेपाल राष्ट्र बैंकको मापदण्ड अनुसार बैंकले कृषि क्षेत्र लगायत महिला उद्यमशीलतामा न्यूनतम तोकिएको लगानी गरेको छ वा छैन भन्ने जिज्ञासा व्यक्त गर्नुभएको ।

७. लगानीकर्ताले गरेको लगानीले सम्बन्धित क्षेत्रको विकास मार्फत मुलुकको समग्र GDP मा के कस्तो सकारात्मक प्रभाव परेको छ भन्ने पक्षमा विशेष ध्यान दिनु आवश्यक रहेको ।

Machhapuchchhre Bank Ltd. Head Office

८. ८.२५% माछापुच्छ्रे अविमोच्य असञ्चिति अग्राधिकार शेयरको सट्टामा बैंकले हकप्रद शेयर जारी गरेको भए शेयरधनीहरुलाई थप लाभ हुने सम्भावना हुने थियो भन्ने विचार प्रस्तुत गर्नु भएको ।

९. कर्मचारी साथीहरूको योगदान संस्थाको समृद्धि र दीर्घकालीन सफलता हासिल गर्नका लागि अत्यन्त महत्वपूर्ण रहेको ।

१०. ग्राहकका गुनासोहरूको पुनरावृत्ति दर कति रहेको छ भन्ने विषयमा बैंकले विशेष ध्यान दिनु आवश्यक रहेको ।

(ख) श्री कृष्ण प्रसाद अधिकारी

१. बैंकको निरन्तर प्रगति, समृद्धि तथा कल्याणको कामना गर्दै मुनाफा वृद्धिमा अझ सफलता हासिल गरोस् भन्ने शुभेच्छा व्यक्त गर्नुभएको ।

२. यस वर्ष सबैभन्दा पहिले साधारण सभा सम्पन्न गर्न सफल बैंक भएकोमा हार्दिक धन्यवाद तथा प्रशंसा व्यक्त गर्नुभएको ।

३. आगामी दिनहरूमा शेयरधनीहरूलाई सन्तोषजनक तथा प्रतिस्पर्धात्मक प्रतिफल वितरण सुनिश्चित गर्न बैंकले विशेष ध्यान दिनपर्ने सुझाव दिनुभएको ।

४. वार्षिक साधारण सभा पोखरा र काठमाडौंमा पालो पालो गर्न सके दुवै स्थानमा रहेका शेयरधनीहरुलाई सहज हुने धारण व्यक्त गर्नुभएको ।

५. आगामी वर्षहरुमा लगानीकर्ताले प्राप्त गर्ने लाभांश दोहोरो अङ्कमा रहने अपेक्षा व्यक्त गर्नुभएको ।

६. Non-Performing Loan (NPL) को मात्रा वृद्धि भएकोमा चिन्ता व्यक्त गर्दै, यसलाई एक प्रतिशतभन्दा तल सिमित राख्न विशेष ध्यान दिन आवश्यक रहेको तथा खराब कर्जा निरन्तर घटाउँदै लैजानुपर्ने आवश्यकता रहेको ।

(ग) श्री चन्द्र नारायण श्रेष्ठ

१. बैंकको स्थापना तथा उन्नयनमा स्व.सूर्यबहादुर केसीज्यूको अतुलनीय योगदान प्रति सम्झना तथा धन्यवाद व्यक्त गर्नुभएको ।

२. "क" वर्गका इजाजतप्राप्त बैंकहरु मध्ये सबै भन्दा पहिले आर्थिक वर्ष २०८१/८२ आषाढ मसान्तको वासलात नेपाल राष्ट्र बैंकमा पेश गरि सत्ताइसौं वार्षिक साधारण सभा आयोजना गरी ८ प्रतिशत लाभांश वितरण गरेकोमा अध्यक्षज्यू लगायत सम्पूर्ण व्यवस्थापनप्रति आभार प्रकट गर्नु भएको ।

३. बैंकको आम्दानीमा भएको गिरावटप्रति ध्यानाकर्षण गर्दै आम्दानी वृद्धिका लागि बैंक व्यवस्थापन तथा संचालक समितिले विशेष प्राथमिकता र आवश्यक प्रयासहरू गर्नुपर्ने आवश्यकता रहेको विचार व्यक्त गर्नुभएको ।

४. आगामी विजयादशमी तथा लक्ष्मीपूजाको पावन अवसरको सन्दर्भमा हार्दिक शुभकामना व्यक्त गर्दै यस पावन पर्वले समृद्धि र शान्ति प्रवाहित गरून् भन्ने कामना व्यक्त गर्नुभएको ।

Machhapuchchhre Bank Ltd. Head Office

(घ) **श्री कमल न्यौपाने**

१. वणिज्य बैंकहरुमध्ये माछापुच्छ्रे बैंक सबैभन्दा पहिला वार्षिक साधारण सभा गर्न सफल रहेको कार्यले संस्थागत सुशासन र समयपालनप्रति बैंकको प्रतिबद्धता झल्काएको बताउनु भएको ।

२. बैंकको अधिकृत पुँजी १५ अर्बबाट २० अर्ब पुऱ्याउने विशेष प्रस्तावसँग सम्बन्धित विषयमा जिज्ञासा व्यक्त गर्नुभएको ।

३. चाडपर्वको व्यस्तताका बाबजुद अत्यन्त समय अभावको अवस्थामा समेत लाभांश वितरण गर्ने प्रतिबद्धता देखाएकोमा धन्यवाद व्यक्त गर्नुभएको ।

४. त्रुटिहरूलाई पहिचान गरी तिनको प्रभावकारी सुधार गर्दै संस्थाको कार्यसम्पादनमा निरन्तर सुधार ल्याउन सुझाव व्यक्त गर्नुभएको ।

(ङ) **श्री श्रीराम गौतम**

१. बैंकप्रति हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्नुका साथै समयमै र सुशासनसहित लेखा परीक्षण प्रतिवेदन तयार गरी साधारण सभा सम्पन्न गर्न सफल भएकोमा शुभकामना व्यक्त गर्नुभएको ।

२. वार्षिक प्रतिवेदन लामो भएतापनि अत्यन्त व्यवस्थित, स्पष्ट तथा सम्बन्धित मापदण्डअनुसार तयार गरिएको छ भन्ने कुरा स्पष्ट पार्नुभएको ।

३. कर्मचारी खर्च वृद्धि भएको र कर्मचारी व्यवस्थापन संस्थाका लागि महत्वपूर्ण चुनौतीको रूपमा रहेको धारणा व्यक्त गर्नुभएको ।

४. बैंकका कर्मचारीहरूलाई समयानुकूल तथा आवश्यकता अनुसार दक्षता अभिवृद्धिका लागि तालिम प्रदान गर्न बैंकले समुचित व्यवस्था मिलाउनुपर्ने विचार व्यक्त गर्नुभएको ।

५. Non-Performing Loan (NPL) वृद्धिलाई न्यूनिकरण गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक रहेको ।

६. बैंकको साधारण सभा पोखरामा नै हुने वर्तमान अभ्यासलाई निरन्तरता दिन आग्रह गर्दै माछापुच्छ्रे बैंक पोखराबाट स्थापना भएकोले यस बैंकको आगामी वार्षिक साधारण सभाहरु पनि पोखरामा नै आयोजना गर्न विनम्र अनुरोध गर्नु भएको ।

७. सामाजिक उत्तरदायित्व अन्तर्गत सञ्चालन गरिएका कार्यक्रमहरू तथा अघिल्लो साधारण सभामा प्रस्तुत केहि तस्बिरहरू आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गरिएको विषय अत्यन्त सराहनीय रहेकोमा खुसी व्यक्त गर्नुभएको ।

८. आगामी दिनहरूमा पनि साधारण सभा समयमै सम्पन्न गर्ने सकारात्मक परम्पराको निरन्तरता रहोस् भन्ने अपेक्षा व्यक्त गर्नुभएको ।

(च) **श्री संकल्प ढकाल**

१. माछापुच्छ्रे बैंक लिमिटेडले वार्षिक साधारण सभा समयमै सम्पन्न गर्ने गरेकोमा प्रसन्नता व्यक्त गर्दै, आगामी दिनहरूमा समेत यस्तै प्रतिबद्धता र नेतृत्वको लागि शुभकामना व्यक्त गर्नुभएको ।

२. पर्याप्त समयमै एस.एम.एस.मार्फत वार्षिक साधारण सभाको जानकारी प्रदान गर्नु भएकोमा धन्यवाद व्यक्त गर्नुभएको ।

Machhapuchchhre Bank Ltd. Head Office

३. देशको विषम परिस्थितिहरू तथा विविध चुनौतीपूर्ण परिस्थितिहरूको सामना गर्दै पनि वार्षिक साधारण सभा (AGM) सम्पन्न गरी लाभांश वितरण गरिएको कार्य अत्यन्त सराहनीय एवं प्रशंसायोग्य रहेको ।

(छ) श्री मदन सुवेदी

१. सत्ताइसौं वार्षिक साधारण सभाको सफल आयोजनाको अवसरमा हार्दिक शुभकामना तथा बधाई व्यक्त गर्नुभएको ।

२. बैंकको विगत देखिको लाभाशं क्षमता मानक योग्य मापदण्ड अनुसार नै कायम रहेकोमा प्रसन्नता व्यक्त गर्नुभएको ।

३. वार्षिक प्रतिवेदनलाई सानो र संक्षिप्त रूपमा प्रस्तुत गर्न सके लागत कम गर्न सकिने सुझाव दिनु भएको ।

४. वार्षिक साधारण सभाको Display बोर्डमा बैंकका उपलब्धिहरू समेटिनुपर्ने जस्तै सबैभन्दा उत्कृष्ट प्रदर्शन गर्ने शाखाको संक्षिप्त विवरण अथवा उत्कृष्ट कर्मचारीको फोटो समावेश गर्न सुझाव दिनुभएको ।

५. बैंकले आफ्नो मर्यादा र प्रतिष्ठा कायम राख्दै उल्लेखनीय प्रगति हासिल गरेकोमा खुसी व्यक्त गर्नुभएको ।

६. बैंकले आफ्नो नेटवर्थ र रिजर्भ तर्फ अझ बढी ध्यान दिन आवश्यक रहेको ।

(ज) श्री धर्मराज श्रेष्ठ

१. आगामी विजयादशमी तथा लक्ष्मी पूजाको पावन अवसरमा हार्दिक शुभकामना व्यक्त गर्नुभएको ।

२. बैंकले लक्ष्मी पूजाअघि नै लाभांशको रूपमा लक्ष्मी स्वरुप लाभांश वितरण गरेकोमा हार्दिक धन्यवाद व्यक्त गर्नुभएको ।

३. बैंकको लाइसेन्स प्राप्त गर्ने क्रममा र बैंक सञ्चालनको सुरुवाती दिनहरूमा भोग्नुपरेका चुनौतीहरूको सम्झना गर्नु भएको ।

४. बैंकको स्थापना र उन्नयनका लागि स्व. सूर्यबहादुर केसीज्यूको अतुलनीय योगदान सदा अमर रहने भन्दै उँहालाई पुनः स्मरण गर्दै श्रद्धाशुमन व्यक्त गर्नुभएको ।

५. नयाँ पुस्ताले अध्ययनशील बन्नु अनिवार्य रहेको, नवीनतम विषयहरूमा ध्यान केन्द्रित गर्दै स्थानअनुसार लगानी गर्न बैंकले आवश्यक रणनीति अपनाउनु पर्ने सुझाव व्यक्त गर्नुभएको ।

६. सबै उपस्थित महानुभावहरूलाई बैंकमा बचत संकलन गर्न विशेष आग्रह गर्नु भएको ।

७. सञ्चालक समिति तथा कर्मचारीहरूलाई शुभकामना व्यक्त गर्दै आगामी वर्षमा दोहोरो अंकमा लाभांश वितरण गर्ने अपेक्षा व्यक्त गर्नुभएको ।

Machhapuchchhre Bank Ltd. Head Office

सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभापतिज्यूको अनुमतीले प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कोइरालाज्यूले दिनु भएको प्रत्युत्तर :

शेयरधनी महानुभावहरुले अत्यन्तै रचनात्मक एंव महत्वपूर्ण सुझाव तथा सल्लाह दिनुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै शेयरधनी महानुभावहरुद्धारा व्यक्त जिज्ञासाहरुको सम्बन्ध निम्न बमोजिम स्पष्ट पार्नुभयो ।

१. नेपाल राष्ट्र बैंकले Prescribed Sector Lending को लागि निर्देशन गरेको भन्दा बैंकले बढी लगानी गरेको प्रष्ट पार्नु भएको ।

२. सुशासनमा शुन्य शहनशिलताको नीति अपनाएको बताउनु भएको ।

३. सामाजिक उत्तरदायित्व अन्तर्गत नेपाल राष्ट्र बैंकले निर्देशन गरे बमोजिम ७ वटै प्रदेशमा छुट्याउनु पर्ने रकम छुट्याएको प्रष्ट पार्नु भएको ।

४. नेपाल बैंकर्स संघको अध्यक्षको हैसियतले संस्थाको उन्नतीको लागि प्रयत्नशील रहेको जानकारी गराउनु भएको ।

५. सक्षिप्त प्रतिवेदन छाप्नु पर्ने तथा वार्षिक साधारण सभाको Display बोर्डमा बैंकका उपलब्धिहरू समेटिनुपर्ने सुझावलाई आगामी साधारण सभामा मनन गरिने प्रतिबद्धता व्यक्त गर्नु भएको ।

६. समग्र बैंकिङ्ग उद्योगमा ब्याजदर घटेको कारण खुद ब्याज आम्दानी घटेको जानकारी गराउनु भएको ।

७. डिजिटाइजेशनमा बैंकले विशेष ध्यान दिएको तथा आगामी दिनमा अझै बढी लगानी गरिने बताउनु भएको ।

८. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्न अधिकृत पूँजी बृद्धिको प्रस्ताव गरिएको प्रष्ट पार्नु भएको ।

९. अन्य बैंकको तुलनामा कर्मचारी खर्च धैरै नभएको प्रष्ट पार्नु भएको ।

१०. सम्पुर्ण बैंकिङ्ग क्षेत्रमा NPA Level बड्दै गएको भएता पनि यसलाई न्यूनिकरण तर्फ ध्यान दिने बताउनु भएको ।

११. आगामी वर्ष बैंकले शेयरधनीलाई उचित प्रतिफल दिने प्रतिबद्धता व्यक्त गर्नु भएको ।

१२. अविमोच्य असञ्चिति अग्राधिकार शेयर ५० जना सम्म संस्थागत लगानीकर्ताले मात्र लगानी गर्न पाउने तथा अविमोच्य असञ्चिति अग्राधिकार शेयर धारकको Voting Right नहुने, खुद नाफा भएको खण्डमा मात्र लाभाशं पाउने व्यवस्था रहेकोले नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनको अधिनमा रहि बैंकको प्राथमिक पुँजी आधारलाई बलियो बनाउन अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्ने निर्णय गरिएको हुँदा हाललाई हकप्रद शेयर प्रस्ताव नगरिएको प्रष्ट पार्नु भएको ।

१३. बैंकले आफ्ना कर्मचारीहरुलाई आवश्यक तालिम दिंदै कर्मचारीको कार्य दक्षता तथा सेवाको गुणस्तर अभिवृद्धिलाई प्राथमिकता दिइएको बताउनु भएको ।

१४. आगामी वर्षहरुमा समेत सम्भव भएसम्म असोज महिना भित्रै वार्षिक साधारण सभा गर्ने प्रतिबद्धता जनाउँदै सबैलाई हार्दिक नमन गरी आउदै गरेको विजयादशमी, शुभदीपावली तथा छठ पर्वको मंगलमय शुभकामना व्यक्त गर्दै धन्यबाद ज्ञापन गर्नुभएको ।

Machhapuchchhre Bank Ltd. Head Office

११. सभाको निर्णय :

क. सामान्य प्रस्ताव :

१. प्रस्ताव नं. १ बमोजिम आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको २७ औं वार्षिक प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. प्रस्ताव नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरुलाई पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. प्रस्ताव नं. ३ बमोजिम यस बैंकको सहायक कम्पनीहरु "माछापुच्छ्रे क्यापिटल लिमिटेड" र "माछापुच्छ्रे सेक्युरिटिज लिमिटेड" को आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरणहरु सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

४. प्रस्ताव नं. ४ बमोजिम सभापतीज्यूको अनुमतिले आर्थिक वर्ष २०८२/८३ को लागि बैंकको लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिस गरेको तीन वटा लेखापरीक्षण फर्महरु G.P. Rajbahak & Company, B.K. Agrawal & Company र P.L. Shrestha & Company मध्येबाट कुनै एक फर्मलाई आर्थिक वर्ष २०८२/८३ को लागि लेखापरीक्षण, कर लेखापरीक्षण, Long Form Audit Report (LFAR) तयारी, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणीकरण लगायत बाह्य लेखापरीक्षकले गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्नको लागि सम्बन्धित फर्महरुले प्रस्ताव गरेबमोजिमको लेखापरीक्षण शुल्क प्रदान गर्ने गरी बैंकको बाह्य लेखापरीक्षक नियुक्ती गर्न लेखापरीक्षण समितिको तर्फबाट लेखापरीक्षण समितिका संयोजक श्री मुकुन्द महतज्यूले पेश गर्नु भएको प्रस्ताव उपर सभामा विस्तृत छलफल भई उल्लेखित ३ वटा फर्महरुले प्रस्ताव गरेको पारिश्रमिक तथा बैंकिङ्ग क्षेत्रमा लेखापरीक्षण गरेको अनुभव, फर्ममा कार्यरत कर्मचारीहरुको संख्या, योग्यता र अनुभव आदी समेतको आधारमा उत्कृष्ट देखिएको G.P. Rajbahak & Company लाई प्रस्ताव बमोजिम रु. २८,५०,०००/– (कर तथा अन्य खर्च बाहेक) पारिश्रमिक दिने गरी आर्थिक वर्ष २०८२/८३ को लागि बैंकको बाह्य लेखापरीक्षक नियुक्ती गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

५. प्रस्ताव नं. ५ बमोजिम सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रु. ४६,४८,५४,२९०/९२ (अर्थात चुक्ता पूँजीको ४ प्रतिशत) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्वीकृत गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

६. प्रस्ताव नं. ६ बमोजिम सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समूहको तर्फबाट रिक्त रहेको सञ्चालक पदमा कम्पनी ऐन, २०६३ को दफा ९० को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश (३) बमोजिम साविक सञ्चालकको बाँकी कार्यकाल सम्मको लागि श्री विश्व प्रकाश गौतमलाई

Machhapuchchhre Bank Ltd. Head Office

सञ्चालक समितिले गरेको नियुक्तिलाई अनुमोदन गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

ख. विशेष प्रस्ताव :

१. विशेष प्रस्ताव नं १ बमोजिम सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रु. ४६,४८,५४,२९०/९२ (अर्थात चुक्ता पूँजीको ४ प्रतिशत) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

२. विशेष प्रस्ताव नं २ बमोजिम सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रचलित कानुनी एवं नियमनकारी व्यवस्थाहरुको अधिनमा रही देहायका उद्देश्य तथा लक्ष्यहरू र व्यवस्था तथा शर्तहरू सहित प्रति शेयर रु. १००/- का दरले रु. ३,००,००,००,०००/- (अक्षरेपी तीन अर्ब) बराबरको "८.२५% माछापुच्छ्रे अविमोच्य असञ्चिति अग्राधिकार शेयर" (8.25% Machhapuchchhre Perpetual Non-Cumulative Preference Share) जारी गर्न स्वीकृत गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

उद्देश्य तथा लक्ष्यहरू

- बैंकको पूँजीगत आधारलाई थप मजबुत र दिगो बनाउन अतिरिक्त प्राथमिक पूँजी (Additional Tier 1 Capital) वृद्धि गर्ने ।
- पूँजी परिचालन तथा ऋण लगानी क्षमतामा वृद्धि गर्दै बैंकको दीर्घकालीन वित्तीय स्रोतलाई सुनिश्चित गरी स्थिर, दिगो र प्रतिस्पर्धात्मक बैंकिङ अभ्यासलाई बलियो बनाउने ।
- साधारण सेयरधनीहरूको सेयर संरचनामा कुनै प्रत्यक्ष असर नपारी (परिणतको अवस्थामा बाहेक) नयाँ पूँजी उपकरणको रणनीतिक प्रयोग मार्फत नवप्रवर्तनशील वित्तीय अभ्यासलाई प्रोत्साहन गर्ने ।
- Basel–III अनुरूप बैंकको जोखिम वहन गर्न सक्ने क्षमता अभिवृद्धि गरी नियामकीय मापदण्ड अनुसारको पूँजी पर्याप्तता अनुपात (Capital Adequacy Ratio) कायम राख्ने ।
- अग्राधिकार शेयरलाई नवीन वित्तीय उपकरणको रूपमा प्रस्तुत गरी पूँजी बजारको विकासलाई टेवा पुर्‍याउने ।
- बैंकिङ क्षेत्रभित्र अन्तर्राष्ट्रिय स्तरको सुशासन, पारदर्शिता, जोखिम व्यवस्थापन र पूँजी व्यवस्थापन अभ्यासलाई आत्मसात् गर्दै लगानीकर्ताको विश्वासलाई अझ सुदृढ बनाउने ।

व्यवस्था तथा शर्तहरू

विवरण	व्यवस्था तथा शर्तहरू
उपकरणको नाम	८.२५% माछापुच्छ्रे अविमोच्य असञ्चिति अग्राधिकार शेयर
उपकरणको प्रकृति	अविमोच्य असञ्चिति अग्राधिकार सेयर
अविमोच्य असञ्चिति अग्राधिकार सेयर पूँजी	रु. ३,००,००,००,००० (तीन अर्ब)
प्रति सेयर अङ्कित मुल्य र जारी गर्ने मुल्य	रू. १०० (एक सय)

Machhapuchchhre Bank Ltd. Head Office

जारी गरिने अविमोच्य असञ्चिति अग्राधिकार सेयर संख्या	३,००,००,००० (तीन करोड)
अवधि	अविमोच्य (Perpetual)
रिडिमेवल (Redeemable)/इरिडिमेवल (Irredeemable)	इरिडिमेवल (Irredeemable)
लक्षित लगानीकर्ता	संस्थागत लगानीकर्ताहरु (धितोपत्र व्यवसायी र सामूहिक लगानी कोष बाहेक)
लाभांशको दर/लाभांश भुक्तानीको प्रक्रिया	क) ८.२५% वार्षिक नगद लाभांश (सम्बन्धित आर्थिक वर्षमा वितरणयोग्य मुनाफा उपलब्ध भएको खण्डमा मात्र) ख) बुँदा नं. (क) बमोजिमको वितरणयोग्य मुनाफा सम्पूर्ण नाफा नोक्सान हिसाबको नियामकीय बाँडफाँड तथा पुरक पूँजीमा गणना हुने उपकरणको लागि आवश्यक कोषको बाँडफाँड पछिको बाँकी रकम हुनेछ । ग) अविमोच्य असञ्चिति अग्राधिकार सेयरको लाभांश बैकको सञ्चित मुनाफा वा अन्य कुनै कोषबाट वितरण हुने छैन । घ) यदि बुँदा नं. (क) बमोजिमको वितरणयोग्य मुनाफा अविमोच्य असञ्चिति अग्राधिकार सेयरको लाभांश रकम भन्दा कम भएमा उपलब्ध वितरणयोग्य मुनाफा रकम सम्म समानुपातिक रुपमा वितरण गरिने छ । ङ) सेयरधनी दर्ता किताब बन्द हुने समय : वार्षिक साधारण सभा भन्दा अगावै साधारण सेयरधनीको जस्तै अग्राधिकार सेयरधनी दर्ता किताब बन्द हुने (सेयरधनी दर्ता किताव बन्द हुने दिन सम्म अद्यावधिक भई कायम रहेका अग्राधिकार सेयरधनी नगद लाभांशको लागि योग्य हुने) । च) भुक्तानीको समय : वार्षिक रुपमा नेपाल राष्ट्र बैंकबाट बैंकको वित्तीय विवरणहरु साधारण सभा प्रयोजनार्थ प्रकाशन गर्ने स्वीकृती प्राप्त भएपश्चात सञ्चालक समितिले निर्णय गरेवमोजिम । छ) अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी भएको पहिलो वर्षमा सेयर बाँडफाँड भएको मितिदेखि उक्त आर्थिक वर्षमा बाँकी रहेको

Machhapuchchhre Bank Ltd. Head Office

	अवधिको अनुपातको आधारमा नगद लाभांश वितरण हुने ।
अन्तरिम लाभांश	लागू नहुने ।
लाभांश सञ्चिति/असञ्चिति	असञ्चिति : यदि कुनै आर्थिक वर्षमा बैंकले वितरणयोग्य मुनाफा नभएको/पर्याप्त नभएको कारणले अग्राधिकार सेयरको नगद लाभांश वितरण नगरेमा/कम वितरण गरेमा वा नियामकीय निकायले वितरण गर्न रोक लगाएको अवस्थामा यदि पछिल्ला आर्थिक वर्षहरूमा सो अपुग रकम समेत पुग्ने गरी वितरणयोग्य मुनाफा भएको अवस्थामा पनि उक्त अपुग रकम वितरण/भुक्तानी नहुने ।
परिणत हुने/नहुने	परिणत नहुने (तर बैंकको प्राथमिक पूँजी अनुपात तोकिएको ट्रिगर बिन्दुमा पुगेको अवस्थामा नोक्सानी प्रशोचन गर्ने प्रयोजनको लागि संस्थापक समुहको साधारण सेयरमा परिणत हुन सक्ने) ।
यदि बैंकको प्राथमिक पूँजी (CET 1 Capital) अनुपात कुल जोखिम भारीत सम्पतिको ५.१२५ प्रतिशत भन्दा कम भएमा (ट्रिगर बिन्दुमा पुगेको अवस्था) नोक्सानी प्रशोचन गर्ने प्रयोजनको लागि साधारण सेयरमा परिणत हुन सक्ने ।	१. संस्थापक समुहको साधारण सेयरमा परिणत हुनेछ । २. परिणत हुने अनुपात : परिणत हुने अनुपात तथा संख्या निर्धारण गर्ने विधि/सुत्र बैंकको सञ्चालक समितिले निर्धारण गरी विवरणपत्रमा उल्लेख गरे बमोजिम हुनेछ । ३. यसरी परिणत गर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्विकृति प्राप्त भएपश्चात् मात्र परिणत हुनेछ ।
मताधिकार	मताधिकार नहुने
दामासाही वा खारेजी अवस्थामा भुक्तानीमा अग्राधिकार	बैंक दामासाहीमा परेको वा खारेजी भएको अवस्थामा अविमोच्य असञ्चिति अग्राधिकार सेयरको भुक्तानीमा दाबी साधारण सेयर भन्दा अगाडि र अन्य पुरक पूँजीमा गणना हुने उपकरण र साहुहरू भन्दा पछाडि हुनेछ ।
सूचीकरण	अविमोच्य असञ्चिति अग्राधिकार सेयर सम्बन्धित नियामकीय निकायको स्विकृति पश्चात् नेपाल स्टक एक्चेन्जमा सूचीकृत हुनेछ । अविमोच्य असञ्चिति अग्राधिकार सेयरको कारोबार

Machhapuchchhre Bank Ltd. Head Office

	संस्थागत लगानिकर्ता विचमा मात्र सिमित हुनेछ ।
अन्य कुराहरु	यस अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी गर्ने क्रममा कुनै थप निर्णय आवश्यक भएमा, नियमनकारी निकायले तोकेको कुनै शर्त वा दिएको कुनै निर्देशन बमोजिम अग्राधिकार शेयरका शर्तहरु हेरफेर गर्नुपर्ने वा मिलाउनु पर्ने भएमा सो सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गरिएको छ ।

३. विशेष प्रस्ताव नं ३ बमोजिम बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब) लाई वृद्धि गरी रु. २०,००,००,००,०००/- (अक्षरेपी बीस अर्ब) पुऱ्याउने र विशेष प्रस्ताव नं. १ र २ बमोजिम जारी गरिने बोनस शेयर र माछापुच्छ्रे अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Machhapuchchhre Perpetual Non-Cumulative Preference Share) को हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्रमा निम्नानुसारको दफाहरु संशोधन गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

बैंकको प्रबन्धपत्रको दफा ५ (क), ५ (ख), ५ (ग) र ५ (घ) मा संशोधन

दफा ५ (क) : बैंकको पूँजीको संरचना

बैंकको अधिकृत पूँजी रू. २०,००,००,००,०००/- (अक्षेरुपी बीस अर्ब मात्र) हुनेछ । सो पूँजीलाई रु. १००/- दरका १७,००,००,००० (सत्र करोड थान) साधारण सेयर र रु. १०० दरका ३,००,००,००० (तीन करोड थान) अग्राधिकार सेयरमा विभाजित गरिएको छ ।

दफा ५ (ख) : बैंकको पूँजीका संरचना

बैंकले तत्काल जारी गर्ने सेयर पूँजी न्युनतम रू. १५,०८,६२,११,५६४ (अक्षेरुपी पन्ध्र अर्ब आठ करोड बयसट्ठी लाख एघार हजार पाँच सय चौसट्ठी मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० दरका १२,०८,६२,११६ (बाह्र करोड आठ लाख बयसट्ठी हजार एक सय सोह्र थान) साधारण सेयर र रू. १००/- दरका ३,००,००,००० (तीन करोड थान) अग्राधिकार सेयरमा विभाजित गरिएको छ ।

दफा ५ (ग) : बैंकको पूँजीको संरचना

बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रू. १५,०८,६२,११,५६४ (अक्षेरुपी पन्ध्र अर्ब आठ करोड बयसट्ठी लाख एघार हजार पाँच सय चौसट्ठी मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० दरका १२,०८,६२,११६ (बाह्र करोड आठ लाख बयसट्ठी हजार एक सय सोह्र थान) साधारण सेयर र रू. १००/- दरका ३,००,००,००० (तीन करोड थान) अग्राधिकार सेयरमा विभाजित गरिएको छ ।

दफा ५ (घ) : बैंकको पूँजीको संरचना

बैंकले साधारण सेयरतर्फ जारी पूँजीको ४९ प्रतिशत सेयर सर्वसाधारणको लागि छुट्टाएको छ ।

४. विशेष प्रस्ताव नं ४ बमोजिम सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता तथा सेवा सुविधा वृद्धि गर्ने र सोही बमोजिम बैंकको नियमावलीको निम्नानुसारको दफाहरु संशोधन गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

Machhapuchchhre Bank Ltd. Head Office

बैंकको नियमावलीको दफा २९(१)(क) र २९(१)(घ) मा संशोधन

दफा २९(१)(क) : सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था

सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रु. २५,०००/– (अक्षेरुपी पच्चिस हजार मात्र) र सञ्चालकले पाउने बैठक भत्ता रु. २२,०००/– (अक्षेरुपी बाइस हजार मात्र) हुने छ ।

दफा २९(१)(घ) : सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था

मोबाईल, पत्रपत्रिका तथा ईन्टरनेट खर्च प्रति महिना रु. २०,०००/– (अक्षेरुपी बीस हजार मात्र) पाउने छ ।

५. विशेष प्रस्ताव नं ५ बमोजिम विशेष प्रस्ताव अनुसार प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न स्वीकृत गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

ग. विविध :

विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।

१२. सभापतिज्यूबाट प्रस्तावहरु पारित भएको घोषणा र सभाको विसर्जन :

सभाको अन्त्यमा सभापतिज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्नु भयो ।

शेयरधनी महानुभावहरुले समय समयमा प्रदान गर्दै आउनु भएका रचनात्मक एवं मूल्यवान सल्लाह सुझावले हामीलाई नीति निर्धारण गर्न तथा बैंकको कृयाकलापलाई नयाँ दिशा एवम् गति दिनमा महत्वपूर्ण मार्गदर्शन प्राप्त हुँदै आएको विचार व्यक्त गर्नुभयो । बैंकको भविष्य शुनिश्चित र उज्जवल रहेको र आगामी दिनहरुमा कुनै बाध्यात्मक स्थिती नआएमा पक्कै शेयरधनी महानुभावहरुलाई उचित प्रतिफल वितरण गर्न सकिने विश्वास दिलाउनु भयो ।

सभाको अन्त्यमा अध्यक्षज्यूले सभामा सहभागी हुनुभई आफ्नो रचनात्मक एवं अमूल्य राय, सल्लाह, सुझावसहितको मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरी दिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेञ्ज तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाभावको उच्च प्रशंसा गर्दै आजको यो सत्ताइसौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

Machhapuchchhre Bank Ltd. Head Office

सुभाष जंमरेकटेल
कम्पनी सचिव

रोशन के.सी.
सभाका सभापति/अध्यक्ष